# <u>कर्जा सुरक्षण (चौथो संशोधन) नियमावली, २०८०</u>

<u>नेपाल राजपत्रमा प्रकाशित मिति</u>

२०८०।५।२८

कर्जा सुरक्षण नियमावली, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ को दफा ६५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**: (१) यी नियमहरुको नाम "कर्जा सुरक्षण (चौथो संशोधन) नियमावली, २०८०" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>कर्जा सुरक्षण नियमावली, २०७५ को नियम २ मा संशोधन</u>**: कर्जा सुरक्षण नियमावली, २०७५ (यस पछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (द) मा रहेका "सङ्केत पट्टा (ट्याग) सम्झनु पर्छ" भन्ने शब्दहरुको सट्टा "सङ्केत पट्टा (ट्याग) सम्झनु पर्छ र सो शब्दले सुरक्षण गरिएको पशुधनको पहिचान स्थापित गर्ने विद्युतीय उपकरणलाई समेत जनाउँछ" भन्ने शब्दहरु राखिएका छन्।

३. **<u>मूल नियमावलीको नियम ७ मा संशोधन</u>**: मूल नियमावलीको नियम ७ मा रहेका "कागजात पेश गर्नु पर्नेछ" भन्ने शब्दहरुको सट्टा "कागजात पेश गर्नु पर्नेछ र त्यस्तो विवरण वा कागजात विद्युतीय माध्यमबाट समेत पेश गर्न सकिनेछ" भन्ने शब्दहरु राखिएका छन्।

४. **<u>मूल नियमावलीको नियम ८ मा संशोधन</u>**: मूल नियमावलीको नियम ८ को,–

(१) उपनियम (१) मा रहेका "लेखी पठाउनु पर्नेछ" भन्ने शब्दहरुको सट्टा "पठाउनु पर्नेछ" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः-

"(२) उपनियम (१) बमोजिम विवरण प्राप्त भएमा कोषले आवश्यक जाँचबुझ गरी मनासिब देखिएमा नब्बे दिनभित्र त्यस्तो पशुधनको सुरक्षण लेख जारी गर्नु पर्नेछ। यसरी जारी भएको सुरक्षण लेख सदस्य संस्थालाई विद्युतीय माध्यमबाट समेत उपलब्ध गराउन सकिनेछ।"

(३) उपनियम (५) मा रहेका "कोषमा लेखी पठाउन" भन्ने शब्दहरुको सट्टा "कोषमा विवरण पठाउन" भन्ने शब्दहरु र "जारी गर्न लेखी पठाउन" भन्ने शब्दहरुको सट्टा "जारी गर्ने गरी विवरण पठाउन" भन्ने शब्दहरु राखिएका छन्।

५. **<u>मूल नियमावलीको नियम ९ मा संशोधन</u>**: मूल नियमावलीको नियम ९ को सट्टा देहायको नियम ९ राखिएको छः-

कानून तथा संसदीय मामिला मन्त्रालय

"९. **पशुधनको सुरक्षण रकमको सीमा**: सदस्य संस्थाबाट कर्जा लिई खरिद गरेको पशुधनको सुरक्षण हुने रकमको सीमा अनुसूची–३ख. मा उल्लेख भए बमोजिम हुनेछ।"

६. **मूल नियमावलीको नियम ११ मा संशोधनः** मूल नियमावलीको नियम ११ को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः-

"(२) उपनियम (१) बमोजिमको वार्षिक सुरक्षण शुल्कमा नेपाल सरकारले कोष मार्फत अनुदान उपलब्ध गराउने व्यवस्था गरेकोमा त्यसरी उपलब्ध गराइएको अनुदान बापतको रकम घटाई वार्षिक सुरक्षण शुल्कको बाँकी रकम सम्बन्धित ऋणीको तर्फबाट सदस्य संस्थाले कोषलाई अग्रिम रुपमा भुक्तानी गर्नेछ।"

७. **मूल नियमावलीको नियम १७ मा संशोधनः** मूल नियमावलीको नियम १७ को उपनियम (३) मा रहेका "पशु सेवा कार्यालयले तोकेको" भन्ने शब्दरुको सट्टा "पशु सेवा कार्यालय वा सो सम्बन्धी कार्य गर्ने कार्यालयको प्राविधिक वा प्रचलित कानून बमोजिम कम्तीमा "घ" श्रेणीको पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीको रुपमा दर्ता भएका व्यक्तिमध्येबाट कोषले तोकेको" भन्ने शब्दहरु राखिएका छन्।

८. **मूल नियमावलीको नियम ३१ मा संशोधनः** मूल नियमावलीको नियम ३१ को खण्ड (क) मा रहेका "पशु सेवा कार्यालयलाई" भन्ने शब्दहरुको सट्टा "पशु सेवा कार्यालय वा सो सम्बन्धी कार्य गर्ने कार्यालयको प्राविधिक वा प्रचलित कानून बमोजिम कम्तीमा "घ" श्रेणीको पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीको रुपमा दर्ता भएका व्यक्तिमध्येबाट कोषले तोकेको प्राविधिकलाई" भन्ने शब्दहरु राखिएका छन्।

९. **मूल नियमावलीको नियम ३३ मा संशोधनः** मूल नियमावलीको नियम ३३ मा रहेका "कोषले जनही प्रति ठूला पशुधनको एक सय रुपैयाँ र साना पशुधनको पचास रुपैयाँ र पशुधनलाई पुनः सङ्केत पट्टा लगाए बापत प्रति पशुधन पच्चीस रुपैयाँका दरले" भन्ने शब्दरुको सट्टा "कोषले ठूला पशुधन र साना पशुधनको लागि फरक फरक हुने गरी पशुधनको सङ्ख्याको आधारमा समितिले निर्धारण गरेको दरले" भन्ने शब्दहरु राखिएका छन्।

१०. **मूल नियमावलीमा नियम ३३क. थपः** मूल नियमावलीको नियम ३३ पछि देहायको नियम ३३क. थपिएको छः-

"**३३क. एजेण्ट तोक्न सक्नेः** (१) पशुधन सुरक्षण कार्यक्रमको बिक्री वितरण, बजार विस्तार र व्यवसाय प्रवर्द्धनका लागि देहायको योग्यता पुगेको व्यक्तिलाई कोषले प्रयोजन खुलाई आफ्नो एजेण्टको रुपमा काम गर्ने गरी तोक्न सक्नेछः-

(क) बैङ्क, वित्तीय संस्था, सहकारी संस्था वा बीमा सम्बन्धी कार्य गर्ने सङ्गठित संस्थामा कम्तीमा तीन वर्ष कार्य गरेको वा प्रचलित कानून बमोजिम कम्तीमा "घ" श्रेणीको पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीको रुपमा काम

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

गर्ने गरी नेपाल सरकारबाट मान्यता प्राप्त निकायमा दर्ता भएको वा त्यस्तो निकायबाट इजाजत प्राप्त गरेको,

(ख) कम्तीमा माध्यमिक शिक्षा वा सो सरहको परीक्षा उत्तीर्ण गरेको, र

(ग) कोषले सञ्चालन गरेको पशुधन सुरक्षण सम्बन्धी तालिममा सहभागी भई प्रमाणपत्र प्राप्त गरेको।

(२) उपनियम (१) बमोजिम तोकिएको एजेण्टलाई समितिले निर्धारण गरे बमोजिम कमिशन दिइनेछ। त्यसरी कमिशन निर्धारण गर्दा एजेण्टको कार्य सम्पादनको आधारमा निर्धारण गरिनेछ।

(३) उपनियम (१) बमोजिम तोकिएको एजेण्टको एजेन्सी बहाल रहने अवधि तीन वर्षको हुनेछ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (१) बमोजिम तोकिएको एजेण्टले ऐन तथा यस नियमावली विपरीतको काम कारबाही गरेमा वा कोषलाई हानि नोक्सानी पुऱ्याउने कुनै कार्य गरेमा निजलाई प्रमुख कार्यकारी अधिकृतले जुनसुकै बखत एजेण्टबाट हटाउन सक्नेछ।

(५) उपनियम (१) बमोजिम तोकिएको एजेण्टको काम, कर्तव्य र अधिकार कोषले निर्धारण गरे बमोजिम हुनेछ।"

११. **<u>मूल नियमावलीको नियम ३४ मा संशोधनः</u>** मूल नियमावलीको नियम ३४ को,-

(१) उपनियम (२) मा रहेका "गाभिएमा त्यसरी गाभिए पछि" भन्ने शब्दहरुको सट्टा "गाभिएमा वा एकले अर्कोलाई प्राप्ति गरेमा त्यसरी गाभिए वा प्राप्ति पछि" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छः-

"(३) प्रचलित कानून बमोजिम सदस्य संस्थाहरु एकआपसमा गाभ्ने, गाभिने वा एकले अर्कोलाई प्राप्ति गरेमा त्यसरी गाभिए वा प्राप्ति पछि कायम भएको नयाँ संस्थाले उपनियम (२) बमोजिम सम्झौता गरेपछि त्यस्तो संस्थाले प्रवाह गर्ने कर्जा यस नियमावली बमोजिम कोषमा स्वतः सुरक्षण भएको मानिनेछ।"

(३) उपनियम (३) पछि देहायको उपनियम (३क) थपिएको छः-

"(३क) कोषको सदस्य नरहेको कुनै बैङ्क वा वित्तीय संस्था कोषको कुनै सदस्य संस्थासँग गाभिएमा वा एकले अर्कोलाई प्राप्ति गरेमा त्यसरी गाभिए वा प्राप्ति पछि कायम हुने संस्थाले यस नियमावली बमोजिम कोषसँग सम्झौता गरी सुरक्षण गर्नु पर्नेछ।"

(४) उपनियम (४) पछि देहायका उपनियम (५) र (६) थपिएका छन्:-

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

"(५) एक सदस्य संस्थाले आफूले प्रदान गरेको कर्जा आंशिक वा पूर्ण रुपमा अर्को सदस्य संस्थालाई बिक्री वा हस्तान्तरण गरेमा त्यस्तो कर्जा यस नियमावली बमोजिम कोषमा स्वतः सुरक्षण भएको मानिनेछ।

(६) सदस्य संस्थाले आफूले प्रदान गरेको कर्जा आंशिक वा पूर्ण रुपमा कोषको सदस्य नरहेको बैङ्क वा वित्तीय संस्थालाई बिक्री वा हस्तान्तरण गरेमा त्यस्तो कर्जा खरिद वा हस्तान्तरण गरी लिने संस्थाले यस नियमावली बमोजिम कोषसँग सम्झौता गरी सुरक्षण गर्न सक्नेछ।"

१२. **<u>मूल नियमावलीको नियम ३५ मा संशोधनः</u>** मूल नियमावलीको नियम ३५ को उपनियम (३) पछि देहायका उपनियम (४), (५) र (६) थपिएका छन्:-

"(४) उपनियम (१) बमोजिमका सुरक्षण कार्यक्रम बाहेक कोषको सुरक्षण कोषको आकार, कोषको वित्तीय स्रोत साधन, बजारको माग र आवश्यकता बमोजिम कोषले जलवायु परिवर्तन, नवप्रवर्तन, सूचना प्रविधि, सीप विकास तालिम वा प्रशिक्षण, वातावरण संरक्षण, प्रकोप व्यवस्थापन, वैकल्पिक तथा नवीकरणीय उर्जा, महिला उद्यमशीलता लगायतका कर्जा लगानीका क्षेत्र समावेश हुने गरी नयाँ सुरक्षण कार्यक्रम लागू गर्न सक्नेछ।

(५) उपनियम (४) बमोजिमको कार्यक्रमको सुरक्षण रकमको सीमा, वार्षिक सुरक्षण शुल्कको दर, दाबी भुक्तानी तथा असुली सम्बन्धी व्यवस्था समितिबाट स्वीकृत सुरक्षण योजनामा उल्लेख भए बमोजिम हुनेछ।

(६) यस नियमावली बमोजिमका कर्जा सुरक्षण कार्यक्रमको विस्तार र प्रवर्द्धनका लागि कोषले प्रदेश सरकारको सम्बन्धित निकाय तथा स्थानीय तहको कार्यालयसँग आवश्यक सम्झौता गर्न सक्नेछ।"

१३. **<u>मूल नियमावलीको नियम ३६ मा संशोधनः</u>** मूल नियमावलीको नियम ३६ को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) कोषले लघुवित्त तथा विपन्न वर्ग कर्जा कार्यक्रम अन्तर्गत अनुसूची-११ को खण्ड (क) मा उल्लिखित व्यवसायमा सदस्य संस्थाले प्रवाह गरेको कर्जाको सुरक्षण सीमा नेपाल राष्ट्र बैङ्कले समय समयमा तोकेको सीमामा नबढ्ने गरी मन्त्रालयको स्वीकृतिमा समितिले निर्धारण गरे बमोजिम हुनेछ।"

(२) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः-

"(२) सदस्य संस्थाले लघुवित्त तथा विपन्न वर्ग कर्जा कार्यक्रम अन्तर्गत प्रवाह हुने कर्जाको सुरक्षण गराउँदा त्यस्तो कर्जाको असार, असोज, पुस र चैत मसान्तमा बाँकी रहेको सावाँ र सोको ब्याज जोडी मन्त्रालयको स्वीकृतिमा समितिले निर्धारण गरे बमोजिमको दरले हुन आउने रकम वार्षिक सुरक्षण शुल्क बापत कोषमा बुझाउनु पर्नेछ।"



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(३) उपनियम (२) पछि देहायका उपनियम (३), (४) र (५) थपिएका छन्:-

"(३) उपनियम (२) बमोजिम वार्षिक सुरक्षण शुल्क निर्धारण गर्दा सदस्य संस्थाको वित्तीय अवस्था, बजारको माग, त्यस्तो कर्जा सुरक्षण गर्न कुनै खर्च लाग्ने भए त्यसरी लाग्ने वास्तविक खर्च तथा सुरक्षण कार्यक्रममा अन्तर्निहित जोखिम समेतको आधारमा निर्धारण गर्नु पर्नेछ।

(४) सदस्य संस्थाले लघुवित्त तथा विपन्न वर्ग कर्जा शीर्षक अन्तर्गत प्रवाह भएको सम्पूर्ण कर्जाको सुरक्षण गर्नु पर्नेछ।

(५) उपनियम (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्य संस्थाले लघुवित्त तथा विपन्न वर्ग कर्जामा वर्गीकृत हुने गरी छुट्टै शीर्षक वा उपशीर्षक खडा गरी कर्जा कार्यक्रम सञ्चालनमा ल्याएको भएमा कोषसँगको सम्झौतामा उल्लेख गरी त्यस्तो शीर्षक वा उपशीर्षक अन्तर्गतका सम्पूर्ण कर्जा समावेश गरी सुरक्षण गर्न सकिनेछ।"

**१४.** **<u>मूल नियमावलीको नियम ३७ मा संशोधनः</u>** मूल नियमावलीको नियम ३७ को,-

(१) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः-

"(२) सदस्य संस्थाले उपनियम (१) बमोजिम सुरक्षण गरेको रकमको असार, असोज, पुस र चैत मसान्तमा बाँकी रहेको सावाँ ब्याज जोडी मन्त्रालयको स्वीकृतिमा समितिले निर्धारण गरे बमोजिमको दरले हुन आउने रकम वार्षिक सुरक्षण शुल्क बापत कोषमा बुझाउनु पर्नेछ।"

(२) उपनियम (२) पछि देहायका उपनियम (३), (४) र (५) थपिएका छन्:-

"(३) उपनियम (२) बमोजिम वार्षिक सुरक्षण शुल्क निर्धारण गर्दा सदस्य संस्थाको वित्तीय अवस्था, बजारको माग, त्यस्तो कर्जा सुरक्षण गर्न कुनै खर्च लाग्ने भए त्यसरी लाग्ने वास्तविक खर्च तथा सुरक्षण कार्यक्रममा अन्तर्निहित जोखिम समेतको आधारमा निर्धारण गर्नु पर्नेछ।

(४) सदस्य संस्थाले साना तथा मझौला उद्यम कर्जा शीर्षक अन्तर्गत प्रवाह भएको सम्पूर्ण कर्जाको सुरक्षण गर्नु पर्नेछ।

(५) उपनियम (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्य संस्थाले साना तथा मझौला उद्यम कर्जामा वर्गीकृत हुने गरी छुट्टै शीर्षक वा उपशीर्षक खडा गरी कर्जा कार्यक्रम सञ्चालनमा ल्याएको भएमा कोषसँगको सम्झौतामा उल्लेख गरी त्यस्तो शीर्षक वा उपशीर्षक अन्तर्गतका सम्पूर्ण कर्जा समावेश गरी सुरक्षण गर्न सकिनेछ।"

**१५.** **<u>मूल नियमावलीको नियम ३८ मा संशोधनः</u>** मूल नियमावलीको नियम ३८ को,-

(१) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः-

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

"(२) सदस्य संस्थाले उपनियम (१) बमोजिम सुरक्षण गरेको रकमको असार, असोज, पुस र चैत मसान्तमा बाँकी रहेको सावाँ ब्याज जोडी मन्त्रालयको स्वीकृतिमा समितिले निर्धारण गरे बमोजिमको दरले हुन आउने रकम वार्षिक सुरक्षण शुल्क बापत कोषमा बुझाउनु पर्नेछ।"

(२) उपनियम (२) पछि देहायका उपनियम (३), (४) र (५) थपिएका छन्:-

"(३) उपनियम (२) बमोजिम वार्षिक सुरक्षण शुल्क निर्धारण गर्दा सदस्य संस्थाको वित्तीय अवस्था, बजारको माग, त्यस्तो कर्जा सुरक्षण गर्न कुनै खर्च लाग्ने भए त्यसरी लाग्ने वास्तविक खर्च तथा सुरक्षण कार्यक्रममा अन्तर्निहित जोखिम समेतको आधारमा निर्धारण गर्नु पर्नेछ।

(४) सदस्य संस्थाले कृषि कर्जा शीर्षक अन्तर्गत प्रवाह भएको सम्पूर्ण कर्जाको सुरक्षण गर्नु पर्नेछ।

(५) उपनियम (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्य संस्थाले कृषि कर्जामा वर्गीकृत हुने गरी छुट्टै शीर्षक वा उपशीर्षक खडा गरी कर्जा कार्यक्रम सञ्चालनमा ल्याएको भएमा कोषसँगको सम्झौतामा उल्लेख गरी त्यस्तो शीर्षक वा उपशीर्षक अन्तर्गतका सम्पूर्ण कर्जा समावेश गरी सुरक्षण गर्न सकिनेछ।"

१६. **<u>मूल नियमावलीको नियम ३९ मा संशोधनः</u>** मूल नियमावलीको नियम ३९ को उपनियम (५) पछि देहायको उपनियम (६) थपिएको छः-

"(६) सदस्य संस्थाले उपनियम (१) र (२) बमोजिम सुरक्षण गरेको रकमको असार, असोज, पुस र चैत मसान्तमा बाँकी रहेको सावाँ ब्याज जोडी मन्त्रालयको स्वीकृतिमा समितिले निर्धारण गरे बमोजिमको दरले हुन आउने रकम वार्षिक सुरक्षण शुल्क बापत कोषमा बुझाउनु पर्नेछ।"

१७. **<u>मूल नियमावलीको नियम ३९क. मा संशोधनः</u>** मूल नियमावलीको नियम ३९क. को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः-

"(२) सदस्य संस्थाले उपनियम (१) बमोजिम सुरक्षण गरेको रकमको असार, असोज, पुस र चैत मसान्तमा बाँकी रहेको साँवा ब्याज जोडी मन्त्रालयको स्वीकृतिमा समितिले निर्धारण गरे बमोजिमको दरले हुन आउने रकम वार्षिक सुरक्षण शुल्क बापत कोषमा बुझाउनु पर्नेछ।"

१८. **<u>मूल नियमावलीको नियम ४० मा संशोधनः</u>** मूल नियमावलीको नियम ४० को,-

(१) उपनियम (१) मा रहेका "बाँकी पचास प्रतिशत रकममध्ये पुस मसान्तसम्मको पच्चीस प्रतिशत र असार मसान्तसम्मको पच्चीस प्रतिशत रकम" भन्ने शब्दहरुको सट्टा "बाँकी पचास प्रतिशत रकम त्रैमासिक रुपमा एकचौथाइका दरले त्रयमास समाप्त भएको दश दिनभित्र" भन्ने शब्दहरु राखिएका छन्।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) उपनियम (२) मा रहेका “बाँकी पचास प्रतिशत रकममध्ये पुस मसान्तसम्मको पच्चीस प्रतिशत र असार मसान्तसम्मको पच्चीस प्रतिशत रकम" भन्ने शब्दहरुको सट्टा “बाँकी पचास प्रतिशत रकम त्रैमासिक रुपमा एक चौथाइका दरले त्रयमास समाप्त भएको दश दिनभित्र" भन्ने शब्दहरु राखिएका छन्।

(३) उपनियम (३) मा रहेका “त्यस्तो शुल्कको पचास प्रतिशत शुल्क प्रत्येक माघ मसान्त र साउन मसान्तमा" भन्ने शब्दहरुको सट्टा “त्यस्तो शुल्कको पचास प्रतिशत शुल्क त्रैमासिक रुपमा एक चौथाइका दरले त्रयमास समाप्त भएको दश दिनभित्र" भन्ने शब्दहरु राखिएका छन्।

(४) उपनियम (३क) मा रहेका “बाँकी पचास प्रतिशत रकम" भन्ने शब्दहरुको सट्टा “बाँकी पचास प्रतिशत रकम त्रैमासिक रुपमा एकचौथाइका दरले त्रयमास समाप्त भएको दश दिनभित्र" भन्ने शब्दहरु राखिएका छन्।"

१९. **<u>मूल नियमावलीको नियम ४१ मा संशोधनः</u>** मूल नियमावलीको नियम ४१ को उपनियम (१) मा रहेका “माघ मसान्त र साउन मसान्तभित्र" भन्ने शब्दहरुको सट्टा “प्रत्येक महिनाको दश गतेभित्र" भन्ने शब्दहरु राखिएका छन्।

२०. **<u>मूल नियमावलीको नियम ४२ मा संशोधनः</u>** मूल नियमावलीको नियम ४२ को,-

(१) उपनियम (३) को खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपिएको छः-

“(ङ) समितिले निर्धारण गरेका अन्य विवरण तथा कागजात।"

(२) उपनियम (४) मा रहेका “कर्जासँग सम्बन्धित अन्य जुनसुकै विवरण कागजात समेत माग गर्न वा त्यस्तो" भन्ने शब्दहरु झिकिएका छन्।

२१. **<u>मूल नियमावलीको नियम ४३ मा संशोधनः</u>** मूल नियमावलीको नियम ४३ को,-

(१) उपनियम (२क) मा रहेका "दुई लाख रुपैयाँसम्मको" भन्ने शब्दहरुको सट्टा "दश लाख रुपैयाँसम्मको" भन्ने शब्दहरु र "दश लाख रुपैयाँसम्मको" भन्ने शब्दहरुको सट्टा "तीन करोड रुपैयाँसम्मको" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छः-

“(३) उपनियम (२) र (२क) बमोजिम भुक्तानी दिँदा कोषले भुक्तानी दिनु पर्ने कुल रकमको सत्तरी प्रतिशत रकम पहिलो किस्तामा र बाँकी तीस प्रतिशत रकम सम्बन्धित सदस्य संस्थाले देहाय बमोजिमका विवरण तथा कागजात पेश गरेपछि दोस्रो किस्तामा भुक्तानी दिइनेछः-

(क) सदस्य संस्थाको कर्जा असुली सम्बन्धी नीति बमोजिम कर्जा असुली सम्बन्धी प्रक्रिया पूरा गरेको,

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(ख) प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्तालाई कालोसूचीमा राख्ने सम्बन्धी प्रक्रिया पूरा भएको,

(ग) कर्जा असुल गर्न प्रचलित कानून बमोजिम सम्पूर्ण प्रक्रिया पूरा गरेको तर असुल उपर हुन नसकेको भनी बाह्य लेखापरीक्षकले प्रमाणित गरिदिएको व्यहोराको प्रमाणित प्रति,

(घ) समितिले निर्धारण गरेका अन्य विवरण तथा कागजात।"

(३) उपनियम (३) पछि देहायका उपनियम (३क), (३ख), (३ग), (३घ) र (३ङ) थपिएका छन्:-

"(३क) उपनियम (३) बमोजिम पहिलो किस्ता दाबी भुक्तानी गरेको मितिले सदस्य संस्थाले दुई वर्षभित्र दोस्रो किस्ता दाबी गरिसक्नु पर्नेछ।

तर अदालत वा ऋण असुली न्यायाधिकरण समक्ष धितो लिलाम वा कर्जा असुली सम्बन्धी मुद्दा विचाराधीन भई सो समयभित्र दाबी हुन नसकेको अवस्थामा त्यस्तो मुद्दामा अन्तिम फैसला भई सो फैसला कार्यान्वयनका लागि सम्बन्धित अदालत वा ऋण असुली न्यायाधिकरण समक्ष निवेदन पेश गरेको मितिले नब्बे दिनभित्र दाबी गरिसक्नु पर्नेछ।

(३ख) उपनियम (१) बमोजिम दाबी भुक्तानी गर्दा एक आर्थिक वर्षमा कुनै एक सदस्य संस्थालाई देहाय बमोजिमको सीमा तथा बन्देजभित्र रही दाबी भुक्तानी गरिनेछः-

(क) सम्झौता भएको आर्थिक वर्षमा सदस्य संस्थाले सम्बन्धित कर्जा सुरक्षण कार्यक्रममा दाबी गर्नुअघिको त्रयमाससम्म भुक्तानी गरेको कुल सुरक्षण दस्तुरको दुई गुणासम्म,

(ख) सम्झौता भएको दोस्रो र सोभन्दा पछाडिका आर्थिक वर्षको हकमा सदस्य संस्थाले सम्बन्धित कर्जा सुरक्षण कार्यक्रममा अघिल्लो आर्थिक वर्षसम्म कोषलाई फिर्ता गरेको दाबी भुक्तानी रकमको दुई गुणा र सम्झौता भएको वर्षदेखि दाबी गर्नुअघिको त्रयमाससम्म भुक्तानी गरेको कुल सुरक्षण शुल्क बराबर।

(३ग) ऋणीको मृत्यु भई वा प्राकृतिक प्रकोप परी परियोजना नष्ट भई दाबी भएको अवस्थामा भने उपनियम (३ख) बमोजिमको सीमा तथा बन्देज लागू हुने छैन।

(३घ) कुनै एक आर्थिक वर्षमा सदस्य संस्थाबाट कोषमा प्राप्त क्षतिपूर्ति दाबीमध्ये उपनियम (३ख) को सीमा तथा बन्देजको कारण भुक्तानी हुन नसकेको क्षतिपूर्ति दाबी सोही उपनियमको खण्ड (ख) को अधीनमा रही अर्को आर्थिक वर्षमा भुक्तानी गरिनेछ।

(३ङ) सदस्य संस्थाले कोषबाट प्राप्त गरेको दाबी भुक्तानी बापतको रकमलाई कोषप्रतिको दायित्व सिर्जना हुने गरी छुट्टै खाता खडा गरी लेखाङ्कन गर्नु पर्नेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

तर कोषबाट अपलेखनको स्वीकृति प्राप्त भएको अवस्थामा बाहेक त्यस्तो रकमलाई ऋणीको खातामा समायोजन गर्न पाइने छैन।"

२२. **<u>मूल नियमावलीको नियम ४५ मा संशोधनः</u>** मूल नियमावलीको नियम ४५ को खण्ड (ग) मा रहेका "संस्थाले" भन्ने शब्द पछि "प्रचलित कानून बमोजिम धितो लिलाम बिक्री, ऋणी तथा जमानतकर्तालाई कालोसूचीमा राख्ने लगायतका" भन्ने शब्दहरु थपिएका छन्।

२३. **<u>मूल नियमावलीको नियम ४७ मा संशोधनः</u>** मूल नियमावलीको नियम ४७ को उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छः-

"(१क) उपनियम (१) बमोजिमको अवधिभित्र असुल उपर भएको रकम फिर्ता नगर्ने सदस्य संस्थाले उक्त रकम कोषलाई फिर्ता नगरेसम्म त्यस्तो सदस्य संस्थाको दाबी कारबाही प्रक्रिया अगाडि बढाइने छैन।"

२४. **<u>मूल नियमावलीको नियम ४८ मा संशोधनः</u>** मूल नियमावलीको नियम ४८ को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) सदस्य संस्थाले लगानी गरेको कर्जा असुली सम्बन्धमा देहायको प्रक्रिया पूरा गर्दा समेत कर्जा असुल उपर हुन नसकेमा सदस्य संस्थाले कोषको स्वीकृति लिई त्यस्तो कर्जा अपलेखन गर्न सक्नेछः-

(क) कर्जा अपलेखन सम्बन्धी नेपाल राष्ट्र बैङ्कको निर्देशन तथा सम्बन्धित सदस्य संस्थाको विनियम बमोजिमको प्रक्रिया पूरा गरेको,

(ख) कर्जा सूचना केन्द्रले ऋणी तथा ऋणसँग सम्बन्धित पक्षलाई कालोसूचीमा समावेश गरेको,

(ग) सदस्य संस्थाले ऋण असुलीका लागि अदालत वा ऋण असुली न्यायाधिकरण समक्ष मुद्दा दायर गरेकोमा अन्तिम फैसला भएको मितिले पाँच वर्ष पूरा हुँदा समेत फैसला कार्यान्वयन वा कर्जा असुली हुन नसकेको।"

(२) उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छः-

"(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सदस्य संस्थाले यस नियमावलीको अधीनमा रही अपलेखन गरेको कर्जाको असुली कारबाही रोक्न पाउने छैन।"

(३) उपनियम (५) को सट्टा देहायको उपनियम (५) राखिएको छः-

"(५) अपलेखनको स्वीकृति प्राप्त भएपछि दाबी भुक्तानी भएको कर्जा आंशिक वा पूर्ण रुपले असुल उपर भएमा वा सम्बन्धित ऋणीको बीमा बापतको रकमबाट असुल उपर हुन गएमा त्यसरी असुल उपर भएको रकममध्ये कोषले दाबी भुक्तानी दिएको प्रतिशतले हुन आउने रकम पैंतीस दिनभित्र कोषलाई फिर्ता गर्नु पर्नेछ।"

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

२५. **<u>मूल नियमावलीको नियम ४९ मा संशोधनः</u>** मूल नियमावलीको नियम ४९ को,-

(१) उपनियम (२) को अन्त्यमा “त्यस्तो अभिलेखमा कोषको पहुँच स्थापित गर्न आवश्यक प्रणालीगत प्रबन्ध गर्नु पर्नेछ।" भन्ने शब्दहरु थपिएका छन्।

(२) उपनियम (२) पछि देहायको उपनियम (३) थपिएको छः-

“(३) सदस्य संस्थाले वातावरण संरक्षण, जलवायु परिवर्तन, वैकल्पिक उर्जा प्रवर्द्धन, महिला उद्यमशीलता, हरित प्रविधिको विकास, नवप्रवर्तन जस्ता दिगो विकाससँग सम्बन्धित क्षेत्र तथा प्रयोजनका लागि कर्जा लगानी गरेको भए उपनियम (२) बमोजिमको अभिलेखमा कर्जाको प्रयोजन खुलाउँदा त्यस्तो दिगो विकासको क्षेत्र वा प्रयोजन स्पष्ट उल्लेख गरी अभिलेख राख्नु पर्नेछ।"

२६. **<u>मूल नियमावलीमा नियम ५०क., ५०ख. र ५०ग. थपः</u>** मूल नियमावलीको नियम ५० पछि देहायका नियम ५०क., ५०ख. र ५०ग. थपिएका छन्:-

**"५०क. <u>कोषले अनुगमन गर्न सक्नेः</u>** (१) सदस्य संस्थाले पेश गरेको कर्जा सुरक्षण सम्बन्धी विवरणको सम्बन्धमा कोषले ऐनको दफा ४५ को अधीनमा रही आवश्यकता अनुसार अनुगमन गर्न सक्नेछ।

(२) उपनियम (१) को प्रयोजनका लागि कोषले त्यस्तो सदस्य संस्थाको वित्तीय विवरण, वार्षिक सुरक्षण शुल्क गणनाको आधार, कर्जा तथा धितो सुरक्षणको विवरणका सम्बन्धमा अनुगमन गर्न सक्नेछ।

(३) उपनियम (१) बमोजिम स्थलगत अनुगमन गर्दा कोषले सदस्य संस्थासँग आवश्यक विवरण, कागजात वा जानकारी माग गर्न सक्नेछ।

(४) उपनियम (३) बमोजिम कोषले माग गरेको विवरण, कागजात वा जानकारी उपलब्ध गराउनु सम्बन्धित सदस्य संस्थाको कर्तव्य हुनेछ।

**५०ख. <u>वित्तीय विवरण तयार गर्नु पर्नेः</u>** कोषले यस नियमावली बमोजिम सुरक्षण गर्ने कर्जा सुरक्षण कार्यक्रमको छुट्टै वित्तीय विवरण तयार गर्नु पर्नेछ।

**५०ग. <u>छुट तथा सहुलियतः</u>** पशुधन सुरक्षण वा कर्जा सुरक्षण कार्यक्रमको विस्तार, व्यवसाय प्रवर्द्धन र क्षतिपूर्ति असुलीमा सघाउ पुऱ्याउने सदस्य संस्था तथा पशुधन सुरक्षण कार्यक्रमको हकमा सम्बन्धित ऋणीलाई समितिले सुरक्षण शुल्कमा छुट तथा सहुलियत उपलब्ध गराउन सक्नेछ।"

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

२७. **<u>मूल नियमावलीमा नियम ५२क. थपः</u>** मूल नियमावलीको नियम ५२ पछि देहायको नियम ५२क. थपिएको छः-

"**५२क. <u>कर्जा सुरक्षणका साविककै शुल्क र सीमा लागू हुनेः</u>** यस नियमावली बमोजिम कोषले निर्धारण गर्नु पर्ने कर्जा सुरक्षण शुल्क तथा नियम ३६ को उपनियम (१) बमोजिमको कर्जा सुरक्षण सीमा निर्धारण नभएसम्मको लागि यो नियमावली प्रारम्भ हुँदाका बखत कायम रहेको कर्जा सुरक्षण शुल्कको दर तथा कर्जा सुरक्षण सीमा नै लागू हुनेछ।"

२८. **<u>मूल नियमावलीको नियम ५३ मा संशोधनः</u>** मूल नियमावलीको नियम ५३ मा रहेको "मन्त्रालयले" भन्ने शब्दपछि "नेपाल राजपत्रमा सूचना प्रकाशन गरी" भन्ने शब्दहरु थपिएका छन्।

२९. **<u>मूल नियमावलीमा अनुसूची ३ख. थपः</u>** मूल नियमावलीको अनुसूची-३क. पछि यसैसाथ संलग्न बमोजिमको अनुसूची-३ख. थपिएको छः-

"**अनुसूची-३ख.**

(नियम ९ सँग सम्बन्धित)

**<u>पशुधनको सुरक्षण हुने रकमको सीमा</u>**

(क) दुग्ध उत्पादनको लागि उन्नत नश्ल प्रति गाई वा भैंसीको एक लाख पचास हजार रुपैयाँसम्म,

(ख) दुग्ध उत्पादनको लागि उन्नत नश्लको प्रति बाच्छी (कोरेली) वा प्रति पाडीको पचास हजार रुपैयाँसम्म,

(ग) दुग्ध उत्पादनको लागि स्थानीय नश्लको प्रति भैंसीको असी हजार रुपैयाँसम्म र प्रति पाडीको चालीस हजार रुपैयाँसम्म,

(घ) दुग्ध उत्पादनको लागि स्थानीय नश्लको प्रति गाईको पचास हजार रुपैयाँसम्म र प्रति बाच्छीको दश हजार रुपैयाँसम्म,

(ङ) प्रजननको लागि उन्नत नश्लको प्रति साँढे, याक वा राँगोको एक लाख पचास हजार रुपैयाँसम्म,

(च) प्रजननको लागि प्रति भेडा, बाख्रा, च्याङ्ग्रा, बङ्गुर वा बोकाको तीस हजार रुपैयाँसम्म,

(छ) मासु उत्पादनको लागि प्रति भेडा, बाख्रा, च्याङ्ग्रा वा बोकाको बीस हजार रुपैयाँसम्म,

(ज) मासु उत्पादनको लागि दुई वर्ष उमेर ननाघेका प्रति बङ्गुर तीस हजार रुपैयाँसम्म,

(झ) टाँगा व्यवसायको लागि प्रति घोडा वा घोडीको एक लाख रुपैयाँसम्म,

(ञ) ढुवानीको लागि प्रति खच्चड, घोडा, घोडी वा झोपाको एक लाख रुपैयाँसम्म,

(ट) ढुवानीको लागि प्रति गधाको सत्तरी हजार रुपैयाँसम्म,

(ठ) ढुवानी वा जोत्नको लागि प्रति गोरु वा राँगाको पचास हजार रुपैयाँसम्म।"

३०. **<u>मूल नियमावलीको अनुसूची-१३ मा संशोधनः</u>** मूल नियमावलीको अनुसूची-१३ मा रहेका "(२० .... साल पौष/आषाढ मसान्तसम्मको)" भन्ने शब्दहरु झिकिएका छन्।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय